Rupantaran: A Multidisciplinary Journal
Vol. VIII: PP 104-118, February, 2024
ISSN(Print) : 2091-0061, ISSN (Electronic): 2738-9960
**DOI:** https://doi.org/10.3126/rupantaran.v8i01.65207
Research Management Cell (RMC)
Dhankuta Multiple Campus, Dhankuta
Tribhuvan University, Nepal

# ‘घटना–चक्रको फेर’ कथामा लैङ्गिक प्रतिनिधित्व

गुरुप्रसाद पोखरेल, पिएच डी[1]

Email: *gurupokharel@gmail.com*

**लेखसार**

*‘घटना–चक्रको फेर’ कथामा तत्कालीन पुरुषवादी सामन्ती पितृसत्तात्मक चिन्तन, चरित्र, संस्कार र तिनका व्यवहारको प्रतिनिधित्व गराई निरीह नारीजीवनका यथार्थलाई प्रस्तुत गरिएको छ । पुस्तकालयीय कार्यद्वारा सामग्री सङ्कलन गरी सर्वेक्षण, सूक्ष्म पठन तथा पाठविश्लेषणको विधि प्रयोग गरी समग्रमा विश्लेषणात्मक विधिमार्फत् सामान्यीकृत निष्कर्ष प्रस्तुत गरिएको प्रस्तुत अध्ययनमा सांस्कृतिक अध्ययनको सिद्धान्तअन्तर्गत लैङ्गिक प्रतिनिधित्वको खोजी र विश्लेषण गरिएको छ । तत्कालीन पितृसत्तात्मक सामन्ती चिन्तन र व्यवहार भएको पुरुषमुखी लैङ्गिक अन्तर्सम्बन्ध र पितृसत्ताकै केन्द्रमा निहित लैङ्गिक विचारधाराको प्रतिनिधित्व गराइएको यसमा वैरभावपूर्ण लैङ्गिक सम्बन्ध, नकारात्मक लैङ्गिक भूमिका, परम्परागत पितृसत्ता, यौनहिंसा र यौनआपराधीकरणको सजीव चित्रण गरिएको छ । निम्नवर्गीय पुरुष र नारी चरित्रका लैङ्गिक समस्याको मूल कारकका रूपमा पितृसत्तागत अहम् र दम्भ रहेको छ । प्रस्तुत लेखमा मानिसको प्राकृतिक लिङ्गका विपरीत सामाजिक, सांस्कृतिक र पारिवारिक आधारमा निर्मित विभेदकारी लैङ्गिक सम्बन्ध स्थापित भएको छ र त्यसले पारिवारिक र सामाजिक सत्ता पुरुषका हातमा सुम्पिएर असमान लैङ्गिक सम्बन्ध निर्माण गरेको कुरा निष्कर्षका रूपमा प्रस्तुत छ । यसमा तत्कालीन सामन्तवादी विमर्शात्मक संरचनामा उत्पादनका साधन, उपभोग, वितरण प्रणाली र श्रमको मूल्य निर्धारणमा सामन्तवादी चिन्तन र व्यवहारबाट दीक्षित पुरुषले नारीको सहभागिता शून्य गराएकाले तत्कालीन नारीहरूको अवस्था पुरुषआश्रित उत्पीडित र अधीनस्थ बनेको देखाइएको छ । तत्कालीन सामन्ती उत्पादनसम्बन्धमा आधारित पितृसत्तात्मक समाजमा विद्यमान पुरुष वर्चस्व र अधीनस्थताको जर्जर अवस्था प्रस्तुत गरिएको यस कथाका सबै तथ्यहरू हेर्दा तत्कालीन समाजको लैङ्गिक अन्तर्सम्बन्ध अमानवीय, असन्तुलित र असमानतापूर्ण थियो भन्ने निष्कर्ष यस लेखमा प्रस्तुत गरिएको छ । यसमा तत्कालीन पितृसत्तात्मक संस्कार*

[1] *लेखक त्रिभुवन विश्वविद्यालय, पद्मकन्या बहुमुखी क्याम्पस, काठमाडौँमा नेपाली विषयको उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।*

*र चिन्तनयुक्त सामाजिक संरचनाका कारणले पुरुषबाट नारीहरू चरम यौनशोषणमा परी शक्तिहीन र सीमान्तीकृत बनाइएको र पुरुषहरू यौनपिपासु बनी यौन सुखभोगमा लिप्त रहने विकृत अवस्थाको मर्मपूर्ण प्रस्तुति गरिएको छ।*

***शब्दकुञ्जी :*** उत्पीडन, प्रभुत्व, वर्चस्व, लैङ्गिक प्रतिनिधित्व, सामन्तवादी विमर्शात्मक संरचना

## परिचय

नेपाली समाजमा विद्यमान मानवीय समस्या र खराबीका कारणबाट मानिसहरूले भोग्नु पर्ने दुर्नियतिलाई यथार्थ रूपमा आफ्ना कथामा उतार्ने शिवकुमार प्रधान सामाजिक यथार्थवादी कथाकार हुन्। उनको आकाश गंगा (२०१४) कथासङ्ग्रह प्रकाशित छ। आकाश गंगा कथासङ्ग्रहमा सङ्कलित आठवटा कथामध्ये 'घटना–चक्रको फेर' कथामा लैङ्गिक समस्या, 'उघ्रेको अन्धकार' कथामा दाम्पत्य जीवनको वियोगान्त, 'नीरव मरण' कथामा वहुविवाह, 'आशा प्रतिभाको अन्त' कथामा दुर्घटना, 'अन्धकारको तारो' कथामा दुर्घटित प्रेम, 'त्रिलोक यात्रा' कथामा मृत्यु, 'भवचक्र' कथामा वर्गीय उत्पीडन र 'अधुरो प्रेम' कथामा पुरुषको नारीप्रति तीव्र दमन जस्ता मुख्य विषयसन्दर्भ समेटिएको छ। यी कथामा सामाजिक सङ्कीर्णता, नारीजीवनमाथि उत्पीडन, अभावग्रस्तता, नेपाली ग्रामीण तथा सहरिया समाजका आर्थिक, सामाजिक, पारिवारिक, गरिबी, नारी तथा पुरुषका कलह, शोषण, दमन, अन्याय र अत्याचारजस्ता विविध समस्याहरूको उद्घाटन गरिएको छ। प्रधानको आकाश गंगा कथासङ्ग्रहमा सङ्कलित 'घटना–चक्रको फेर' कथाको विभिन्न साहित्यिक दृष्टिकोणबाट अध्ययन गर्न सकिने भए तापनि यस लेखमा चाहिँ सांस्कृतिक अध्ययनको सिद्धान्त लैङ्गिक प्रतिनिधित्वका आधारमा विश्लेषण गरिएको छ।

प्रतिनिधित्व सामाजिक संरचना हो र यो लिङ्ग, वर्ग, जाति, संस्कृति, भूगोल, विचारधारा आदिका माध्यमबाट कृतिमा प्रस्तुत भएको हुन्छ। अझ व्यापक सन्दर्भमा समाजका राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक आदि क्षेत्रमा व्यक्ति÷समुदायको उपस्थिति प्रतिनिधित्व हो। साहित्यमा चाहिँ प्रतिनिधित्वको खोजी पाठ, सामाजिक प्रक्रिया, सङ्कथन, विचारधारा, अर्थतन्त्र आदिका आधारमा गरिन्छ। प्रतिनिधित्वले अर्थको प्रस्तुतीकरण पाठमा कसरी भएको छ, विभिन्न सन्दर्भमा अर्थको उत्पादन कसरी हुन्छ र पाठात्मक सन्दर्भमा प्रतिनिधित्व कसरी भएको छ भन्ने कुराको खोजी गर्दछ। यसरी सांस्कृतिक सन्दर्भमा कुनै वर्ग, लिङ्ग, जाति, राष्ट्रियताको उपस्थिति कृतिमा कसरी भएको छ भन्ने कुराको खोजी नै प्रतिनिधित्व हो। साहित्यमा प्रतिनिधित्वको खोजी पछिपरेको समुदाय, निम्नवर्ग, लिङ्ग, महिला, जनजाति, दलित, अल्पसङ्ख्यक समूह, स्थान, भूगोल आदिका माध्यमबाट गरिन्छ। साहित्यिक सन्दर्भमा चाहिँ पाठमा प्रयुक्त अर्थको खोजी प्रतिनिधित्व हो र साहित्यिक कृतिमा आएका पात्र, विषय वा चिन्तनले नै व्यक्ति÷समुदायको प्रतिनिधित्व गरिरहेका हुन्छन्। तत्कालीन विमर्शात्मक संरचनाबाट नै अर्थको उत्पादन हुन्छ र त्यस अर्थले विभिन्न व्यक्ति, जाति, वर्ग, लिङ्ग आदिको प्रतिनिधित्वलाई सङ्केत गर्छ। यही पद्धतिभित्र वर्गीय, जातीय र लैङ्गिक प्रतिनिधित्वका मान्यता समेटिन्छन्। लैङ्गिक प्रतिनिधित्वले सामाजिक संरचनामा महिला वा पुरुषको प्रतिनिधित्वको अवस्थालाई देखाउँछ। कुनै पनि कृतिभित्र उनीहरूको अनुभूतिको प्रतिनिधित्व भएको छ कि छैन भन्ने कुराको खोजी

गर्दछ । स्टुआर्ट हलको प्रतिनिधित्वसम्बन्धी उक्त मान्यताका पृष्ठभूमिमा यस लेखमा शिवुमार प्रधानको 'घटना–चक्रको फेर' कथामा  लैङ्गिक प्रतिनिधित्व केकसरी गराइएको छ भनी त्यसको विश्लेषण गरिएको छ ।

## विधि र सामग्री

शिवकुमार प्रधानको आकाश गंगा (२०१४) कथासङ्ग्रहमा सङ्गृहीत 'घटना–चक्रको फेर' कथामा निहित लैङ्गिक प्रतिनिधित्वलाई ठम्याउनु नै प्रस्तुत अध्ययनको मुख्य विषय हो । प्रस्तुत अध्ययन पूर्णतः साहित्यिक र गुणात्मक भएकाले त्यसका लागि पुस्तकालयीय कार्यद्वारा अध्ययन गरिएको छ । सङ्कलित सामग्रीहरू प्राथमिक र द्वितीयक गरी दुई प्रकारका रहेका छन् । त्यसमध्ये प्रधानको कथा 'घटनाचक्रको फेर' प्राथमिक स्रोतको सामग्रीका रूपमा र प्रतिनिधित्वसम्बन्धी सैद्धान्तिक मान्यतालाई द्वितीयक सामग्री स्रोतका रूपमा उपयोग गरिएको छ । प्रस्तुत अध्ययनका लागि सङ्कलित सामग्रीको पाठ विश्लेषण गर्ने सैद्धान्तिक पर्याधार सांस्कृतिक अध्ययनअन्तर्गत समेटिने स्टुआर्ट हलको प्रतिनिधित्वसम्बन्धी अवधारणा हो । लैङ्गिक प्रतिनिधित्वअन्तर्गत राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा बौद्धिकमध्ये कुनै पनि विचारधाराका माध्यमबाट शक्तिशाली उत्पीडनकारी सामन्ती पितृसत्ताले निम्नजवर्गका निरीह र अबला नारीमाथि दमन र उत्पीडन गर्ने काम गर्छ । यसै सैद्धान्तिक अवधारणाका आधारमा निगमनात्मक विधिबाट सामग्रीको व्यवस्थापन गर्दै त्यसको अर्थापन गरिएको छ । समग्रतः यस लेखमा लैङ्गिक प्रतिनिधित्वसम्बन्धी मान्यताका आधारमा प्रधानको 'घटना–चक्रको फेर' कथालाई सोद्देश्य नमुना छनोट गरी लैङ्गिक प्रतिनिधित्वका आधारमा वस्तुगत विश्लेषण गरी समस्याको प्राज्ञिक समाधानमा पुगिएको छ ।

## परिणाम र छलफल

### *लैङ्गिक प्रतिनिधित्वको सैद्धान्तिक अवधारणा*

केही कुराको प्रतिनिधित्व गर्नु, यसलाई व्याख्या गर्नु वा चित्रण गर्नु, व्याख्या, चित्रण वा कल्पनाद्वारा मनमा राख्नु तथा हाम्रो मन वा चेतनामा हाम्रो अगाडि सादृश्यता स्थापित गर्नु प्रतिनिधित्व हो । त्यसै गरी प्रतिनिधित्व गर्नु भन्नाले प्रतीकत्व गर्नु, प्रतीक हुनु, प्रतिरूप हुनु, राम्रो हुनु वा प्रतिस्थापन गर्नु भन्ने हो (हल, सन् १९९७, पृ. १५) । महिला र पुरुषको भिन्न सामाजिक परिचय नै लैङ्गिकता हो । लैङ्गिकतालाई प्राकृतिक शब्द र बुझाइको ठिक उल्टो सामाजिक शब्द र बुझाइका रूपमा प्रयोग गर्ने कामको सुरुवात सन् १९७० को दशकमा ब्रिटिस नारीवादी समाजशास्त्री एन ओक्लले महिला र पुरुषको भिन्नभिन्न सामाजिक पहिचानको व्याख्या गर्ने क्रममा गरेकी हुन् (भद्रा, २०६७, पृ. १०–११) । लैङ्गिक आधारमा गरिने विभेदकारी र अन्यायपूर्ण व्यवहार तथा परम्परित मान्यताबाट निर्माण गरिएका लैङ्गिक भूमिकाहरूमा समान तथा न्यायपूर्ण अवस्थाको खोजी गर्नु नै लैङ्गिकता हो । लैङ्गिक अध्ययनले महिला र पुरुषमध्ये कुनै एक वा व्यक्तिगत तहमा रहेको भूमिकालाई मात्र नहेरी सामाजिक संस्थाहरू, वर्ग, सङ्गठन, पेसा, समुदाय आदिमा विद्यमान लैङ्गिक अभ्यासको अध्ययन गर्दछ (खनाल, २०७५, पृ. २) । लैङ्गिकतामा पुरुष र महिलाको सामाजिक र सांस्कृतिक पक्षको अध्ययन विश्लेषण गरिन्छ । समाजका सबै गतिविधिमा नारी र पुरुष दुवैको भूमिका रहने हुनाले साहित्यमा नारी र पुरुषको स्वाभाविक प्रतिनिधित्व हुनुपर्ने हो । प्रतिनिधित्व उपस्थिति मात्र नभएर अवसर र सम्मान पनि

हो । त्यस कारण पाठभित्र यस प्रकारको स्वाभाविक प्रतिनिधित्व भएको छ कि छैन भन्ने विषयको खोजी नै लैङ्गिक प्रतिनिधित्व हो । पाठमा आएका फरक लिङ्गका पात्रले आफ्नो उपस्थितिका क्रममा सामाजिक, आर्थिक, लैङ्गिक सन्दर्भहरूलाई प्रत्यक्ष वा परोक्ष रूपमा उजागर गरिरहेका हुन्छन् । प्रतिनिधित्वले सीमान्तकृत समूहका व्यक्ति, लेखक र कलाकारको आवाज र लेखनलाई समेत संस्कृतिको मूलधारमा ल्याउँछ (पोखरेल, सन् २०२०, पृ. ११) । एउटा समुदायले अर्को समुदायलाई हेर्ने दृष्टिकोण, नारीले पुरुषलाई, पुरुषले नारीलाई हेर्ने अवधारणा आदि सबै एक खास सन्दर्भसहित पाठमा अभिव्यक्त हुन्छन् । साहित्यमा प्रतिनिधित्वले विभिन्न सामाजिक श्रेणीहरूले त्यसमा कुन रूपमा प्रतिनिधित्व पाएका छन् भन्ने कुरासँग सम्बन्ध राख्छ (गिरी, २०७४, पृ. २४९) । कुनै पाठमा नारीको प्रतिनिधित्व छ भने उक्त नारी पात्रको सामाजिक स्थान, सम्मान, नारीप्रतिको धारणा, समाजले तय गरेका नारीका जिम्मेवारी, नारी नारीका बीचको सम्बन्ध, नारी र पुरुषका बीचको सम्बन्ध आदि सबै सन्दर्भहरू उक्त पात्रसँग जोडिएर आएका हुन्छन् ।

पुरुषप्रधान स्थापित विमर्शात्मक संरचनाभित्र सिर्जित पाठमा नारीहरूको अपेक्षित प्रतिनिधित्वको सम्भावना नरहन वा नरहेको हुन सक्छ । सामाजिक संरचना र शक्तिका स्रोतहरूमा उपेक्षित, किनारीकृत, दमित, उत्पीडित वर्ग, जाति र लिङ्गगत समुदायको समान रूपमा प्रतिनिधित्व नहुन सक्छ । (पाठक, २०७५, पृ. १७) । समाजको बनोट र स्थापित विमर्शका कारण प्रतिनिधित्वको अवस्थामा असमानता, विभेद वा गलत प्रक्रियाले प्रभुत्व जमाएको हुन सक्छ । यस्ता समूहको प्रतिनिधित्व उपयुक्त ढङ्गले भएको छ वा छैन र भएको छैन भने किन भएको छैन तथा केन्द्रीय संस्कृतिको केकस्तो प्रभुत्वका कारण प्रतिनिधित्व हुन नसकेको हो भन्ने कुरा सांस्कृतिक अध्ययनको केन्द्रीय विषय हो (पाठक, २०७५, पृ. १७) । सांस्कृतिक अध्ययनमा लैङ्गिक प्रतिनिधित्वको खोजी वा विश्लेषण गर्दा यस्तै उपेक्षित, दमित, उत्पीडित, सीमान्तीकृत जाति, वर्ग, लिङ्ग, क्षेत्र, समय, विचारधारा, संस्कृति आदिलाई विशेष महत्त्व दिइन्छ । लैङ्गिकताले समाज र संस्कृतिबाट निर्मित पुरुष र महिलाबीचको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक तथा मनोवैज्ञानिक भूमिका र अवस्थालाई जनाउँछ (खनाल, २०७५, पृ. १) । यसले महिला र पुरुषको सामाजिक निर्मिति र सम्बन्धका आधारमा महिला र पुरुषको प्रतिनिधित्व कसरी भएको छ वा कसरी हुनुपर्छ भन्ने कुराको विश्लेषण गर्छ (भट्टराई, २०७७, पृ. १०८) । यसले महिला र पुरुषको जैविक पक्षको नभई सामाजिक र सांस्कृतिक पक्षको अध्ययन र विश्लेषण गर्दछ ।

लैङ्गिकताले लिङ्गका आधारमा गरिने विभेदकारी र अन्यायपूर्ण व्यवहार एवम् परम्परित मान्यताबाट निर्माण गरिएका भूमिकामा समान र न्यायपूर्ण अवस्थाको खोजी गर्छ । यसले समाजमा उत्पीडनमा परेका महिला र पुरुषका बीचको शक्ति सम्बन्ध पनि केलाउँछ (ब्रेट्ली, १९९६, पृ. २२४) । जुलिया क्लिम्स मोसीले लैङ्गिकतालाई भूमिकाहरूको सेट जसले रङ्गमञ्चमा लगाइने मुखुन्डोले झैँ अरू मानिसहरू हामी स्त्रीलिङ्गी हौँ, हामी पुलिङ्गी हौँ भन्ने अर्थ बताउँछ (मोसी, सन् १९९३, पृ. २) भनी परिभाषित गरेकी छन् । कमला भासिनले समाजले महिला र पुरुषलाई कस्तो प्रकारको भूमिका, अधिकार र स्रोतसाधन दिन्छ र उनीहरूलाई कस्तो किसिमको व्यवहार तथा मानसिकताको विकास सिकाउँछ भन्ने कुराको अध्ययन लैङ्गिक समालोचनाले गर्नुपर्ने धारणा प्रस्तुत गरेकी छन् (भासिन, सन् २०००, पृ. १) । लैङ्गिक अध्ययनको केन्द्रीय सिद्धान्त नारीवादलाई लिइन्छ । नारीवादले महिलालाई महिलाकै कोणबाट हेर्छ

र संसारभरि नै महिलाहरूलाई पुरुषका तुलनामा कमजोर बनाइएको छ भन्ने धारण राख्दछ । नारीहरूलाई शक्तिहीन बनाउने कार्य सामाजिक सांस्कृतिक संरचनाले गरेको हो भन्ने नारीवादीहरूको ठहर छ (गौतम, २०६४, पृ. ३४४) । समाजमा नारीहरू पीडित छन्, आफ्ना अधिकारबाट वञ्चित छन् । ती अधिकारविहीन नारीहरूले पुरुष समान अधिकार प्राप्त गर्नुपर्छ भन्ने धारणा नारीवादीहरूको पाइन्छ ।

साहित्यमा चित्रित नारीको स्थिति, अवस्था, पुरुष शासित समाजबाट भोगेको पीडा, नारीका छोरी, बुहारी, पत्नी, आमा, सासू आदि स्वरूपको व्याख्या र विवेचना नारीवादी समालोचनाले गर्दछ । लैङ्गिक अध्ययनले कृतिभित्र महिला र पुरुष, पुरुष र पुरुष, महिला र महिलाबीचको शक्ति सम्बन्धको अवस्था कस्तो छ ? लैङ्गिक उत्पीडनको अवस्था कस्तो रहेको छ ? भन्ने कुराको खोजी गरिन्छ । लैङ्गिक अध्ययनमा प्रतिनिधित्वले लैङ्गिक उपस्थिति र उसले प्राप्त गरेको जिम्मेवारीलाई बुझाउँछ । लैङ्गिक भूमिकासँग सम्बन्धित लेखाइ, प्रस्तुति, विषयवस्तु तथा सम्पूर्ण साहित्यिक कार्यको विश्लेषण तथा मूल्याङ्कन गर्नु नै लैङ्गिक प्रतिनिधित्व हो । पितृसत्ता, नारीवाद, लैङ्गिक समस्या, लैङ्गिक समानता र समता, दमन, शोषण, हिंसा, पीडा अनि उद्धार र मुक्ति, शक्ति र सशक्तीकरण, लैङ्गिक भाषा, सामाजिक, सांस्कृतिक, राजनैतिक र आर्थिक सन्दर्भ, लैङ्गिक अधिकार, कर्तव्य तथा अवसर, यौनिकता र यौन सम्बन्ध आदि लैङ्गिक प्रतिनिधित्वसँग सम्बन्धित मान्यताहरू हुन् । यस लेखमा लैङ्गिक प्रतिनिधित्वअन्तर्गत लैङ्गिक अन्तःसम्बन्ध, पितृसत्ता र लैङ्गिक हिंसा तथा लैङ्गिक विभेद, शोषण र उत्पीडनका कोणबाट प्रधानको 'घटना–चक्रको फेर' कथाको विश्लेषण गरिने हुनाले तिनको सैद्धान्तिक मान्यतालाई यसप्रकार छोटकरीमा चर्चा गरिएको छ ।

***लैङ्गिक अन्तःसम्बन्ध***

लैङ्गिक प्रतिनिधित्वले कृतिमा पुरुष र महिलाको सम्बन्ध, पुरुष र पुरुषको सम्बन्ध महिला र महिलाको सम्बन्ध र त्यसका लैङ्गिक विश्लेषण तथा लैङ्गिक विषय र लैङ्गिकताको खोजी गर्ने कार्य गर्दछ । समाजमा विद्यमान लिङ्गका कारण हुने सबै प्रकारका विभेदकारी चिन्तन र विचारधाराको विरोध गरी समतामूलक समाज निर्माणको अपेक्षा लैङ्गिक अध्ययनले गर्दछ । लिङ्गका आधारमा समाज विभेदमुक्त हुनुपर्दछ र सामाजिक, आर्थिक, शैक्षिक, कानुनी कार्य क्षेत्रमा सबै प्रकारका अधिकारको उपयोगमा समता कायम गर्नुपर्ने मान्यताका साथै लैङ्गिक विभेदबाट मुक्तिको खोजी गर्नु लैङ्गिक अध्ययनको मुख्य उद्देश्य हो । पुरुषलाई शक्तिशाली निर्णायक, निडर, नेतृत्व लिन सक्ने, साहसी, वंशरक्षक, सम्पत्तिको उत्तराधिकारीको रूपमा र महिलालाई शक्तिहीन, डरपोक, कमजोर, पुरुषको सेवक, आर्थिक अधिकार दिनु नपर्ने सामाजिक मान्यताको विरोधमा लैङ्गिक अध्ययनले समानताको पक्षमा वकालत गर्दछ । सामाजिक सांस्कृतिक परिवेशलाई कथाले कसरी प्रस्तुत गरेको छ तत्कालीन समयमा पुरुष र महिलाका बीचको लैङ्गिक सम्बन्धको अवस्था कस्तो छ पितृसत्तात्मक मानसिकताबाट शोषित महिलाको अवस्था कस्तो छ कथामा उपस्थित पात्रहरूको लैङ्गिक उत्पीडनको अवस्था र पितृसत्तात्मक समाजको प्रभुत्व कसरी कायम भएको छ भन्ने कुराको खोजी यस मान्यतामा गरिन्छ ।

समाजका विभिन्न क्षेत्रमा महिला र पुरुषहरूका बीचको सम्बन्ध लैङ्गिक अन्तःसम्बन्ध हो । विवाह, घरपरिवार, परिवारका सदस्यहरू, इष्टमित्र, नातासम्बन्ध, जाति, धर्म आदिका आधारमा लैङ्गिक अन्तर्सम्बन्ध प्रकट हुन्छ । समाजमा महिला र पुरुषले निर्वाह गर्ने भूमिकाका आधारमा लैङ्गिक सम्बन्ध फरकफरक हुन्छ भने सामाजिक संस्था र कार्यस्थल, परिवार र नाता सम्बन्धसम्ममा पनि यस्तो भिन्नता पाइन्छ । परम्परागत लैङ्गिक विभेदले पति र पत्नीबीचको सम्बन्धलाई अधीन र अधीनस्थता, दमक र दमित, उत्पीडक र उत्पीडितका तहमा पुर्याएको छ । समाजमा रहेका पति पत्नीगत सम्बन्धका विभेदजन्य सामाजिक व्यवहारको अन्त्य गरेर नै पति पत्नीगत सम्बन्धमा साँचो अर्थमा समानता स्थापित गर्न सकिन्छ (भट्टराई, २०७७, पृ. १३९) । सामाजिक रूपमा प्रतिष्ठा प्राप्त गर्ने, आर्थिक उपार्जन गर्ने, पूर्ण रोजगार र व्यावसायिक बन्ने, राजनीतिक नेतृत्व गर्ने, सामाजिक नेतृत्व लिने, धार्मिक अनुष्ठान तथा संस्थामा प्रमुख बन्नेजस्ता भूमिकाहरूमा पुरुषहरू नै अग्रसर हुने र उनीहरूकै दायित्व हो जस्तो ठान्ने अनि गृहिणी बन्ने, बालबच्चाको स्याहार सुसार गर्ने, घरायसी सरसफाइ, लिपपोत, अव्यावसायिक कार्य आदि महिलाको जिम्मेवारी हो जस्तो ठान्नु र सोहीअनुसार व्यवहार गर्नु लैङ्गिक भूमिकाका उदाहरण हुन् (खनाल, २०७५, पृ. ९९) । सामाजिक संरचनाको महत्त्वपूर्ण एकाइ परिवारमा पति, पत्नी, आमा, बुबा, बुहारी, भाउजु, नन्द, आमाजु, देवर, सासू, ससुरालगायत विभिन्न दर्जा र भूमिकाका व्यक्तिहरू हुन्छन् । परिवारका उक्त सदस्यबाट कुनै न कुनै रूपमा महिलाहरूले मानसिक र शारीरिक यातना पाउँछन् । अन्तर्जातीय विवाह, समजातीय विवाह, गरिबी, अभाव, बेरोजगारी आदि कारणले पनि लैङ्गिक सम्बन्धलाई प्रभाव पार्छ । लैङ्गिक सम्बन्ध लिङ्गका रूपमा पुरुष र महिलाका बीचको सम्बन्ध हो । यही सम्बन्धका कारण समाजमा नारी र पुरुषको पहिचान र स्वभाव झल्किन्छ ।

### *पितृसत्ता र लैङ्गिक हिंसा*

लैङ्गिक अध्ययनका सन्दर्भमा पितृसत्ता भन्नाले संस्थागत रूपमै महिलाहरू पुरुषद्वारा दमित भएको अवस्था हो । जहाँ पुरुषबाट मात्र नभएर महिलाद्वारा महिला नै उत्पीडित हुन्छन् (आचार्य, २०७४, पृ. ३१) । पितृसत्तामा त्यस्तो अवधारणा हो, जसमा सामाजिक, आर्थिक, राजनैतिक, प्रशासनिक, सांस्कृतिक आदि सबै तह तथा क्षेत्रमा महिलामाथि पुरुषको प्रभुत्व रहन्छ । प्राचीन कालदेखि नै प्रायः सबै प्रकारका समाजमा पितृसत्ता निरन्तर कायम छ र पुरुषमा अधिकार कायम भई महिलाहरू पुरुष अधीनस्थ हुँदै अधिकारबाट वञ्चित भएका छन् । पितृसत्तालाई समाजमा यसरी संस्थागत गरिएको हुन्छ कि दमन गर्ने स्वयम्लाई पनि बोध नहुन सक्छ । समाजको वर्तमान संरचना पुरुषमुखी हुनु, महिलाहरू दमित अवस्थामा रहनु, परिवारमा पुरुषकै हैकम चल्नु, पितृसत्ताले विचारधारा, शक्ति र सत्तामा पुरै प्रभाव पार्नु आदिले गर्दा पितृसत्ताले पारिवारिक, आर्थिक, लैङ्गिक, राज्य व्यवस्था, अर्थतन्त्र, संस्कृति र भाषामा समेत प्रभाव पारेको छ (भट्टराई, २०७७, पृ. १३०) । यसरी पितृसत्ता परम्परादेखि महिलामाथि दमन गर्ने संयन्त्रका रूपमा विकसित हुँदै आएको पाइन्छ । परिवार वा समाजमा बाबुको सर्वेसर्वा चल्ने, बाबुको नियन्त्रण र आदेशमा परिवारका सदस्य रहने, बाबुको वंश चल्ने व्यवस्था नै पितृसत्ता हो (अर्याल, २०६८, पृ. २९) । त्यस्तै, पुरुषको महिलामाथि संस्थागत प्रभुत्व रहेको पारिवारिक संरचनालाई पितृसत्ता भन्न सकिन्छ (आचार्य, २०६१ पृ. २६) । खानपिनमा खटन, हिँडडुल गर्न बन्देज, कुटपिट, यौनशोषण, बलात्कार, जबरजस्ती करणी, यौनिक अङ्ग प्रदर्शन, यौन आग्रह, स्पर्श, बोक्सी प्रथा, शिशु हत्या,

सती प्रथा, दाइजो प्रथा, एसिड छ्यापेर, मट्टितेल छर्किएर, यौनोच्छेदन गरेर, जलाएर आदि स्वरूपबाट महिलामाथि हिंसा गरिएको देखिन्छ । त्यसै गरी भौतिक, शारीरिक र मानसिक यातना दिएर पनि पितृसत्ताले महिलामाथि लैङ्गिक हिंसा गरेको हुन्छ । समाजमा पुरुषले महिलामाथि मात्र होइन महिलाले पुरुषमाथि समेत हिंसा र अधीनस्थता कायम गरेका हुन्छन् । पितृसत्ता र लैङ्गिक हिंसाअनतर्गत पितृसत्तात्मक सोच, चिन्तन र व्यवहारद्वारा ग्रसित पुरुष र नारीले नारी र पुरुषमाथि हुने गरेका र भएका सबै खाले हिंसाको अध्ययन गरिन्छ । महिलाहरू पुरुषका सम्पत्ति हुन्, हरेक महिला कुनै न कुनै पुरुषको अधीनमा रहेकी हुन्छे । स्वास्नीले लोग्नेलाई स्वामी, पति, मालिक, भगवान्, ईश्वर, देव भनी अतिसम्मान र आस्था प्रकट गर्न लगाइनु पितृसत्ताकै उपज हो (लुइटेल, २०६३, पृ. २०) । घरायसी व्यवहारमा महिलामाथि विभिन्न हिंसाजन्य कार्य भइरहेका हुन्छन् । कार्यालयमा यौन दुर्व्यवहार गर्नु, हाडनाता करणी गर्नु, जबर्जस्ती गर्भवती तुल्याउनु, अनिच्छित यौनसम्पर्क गर्नु, बलात्कार गर्नु, वेश्यावृत्तिमा बाध्य तुल्याउनु, महिला बेचबिखन गर्नु, तथा बोक्सी आरोप, विधवालाई उपेक्षा, असुरक्षित गर्भपतन, विज्ञापन, पोस्टर तथा पत्रिकामा अश्लिता प्रकट गर्नु, हत्या, दाइजोका कारण कुटपिट, आगजनी, आक्रमण, अपमान आदि विभिन्न कार्य गरी लैङ्गिक हिंसाजन्य व्यवहारहरू भइरहेका हुन्छन् (खनाल, २०७५, पृ. १०४) । यसरी पुरुष भएका कारणले महिलामाथि वा महिला भएका कारणले पुरुषमाथि तथा पृथक् लिङ्गी यौनिकता भएका व्यक्तिले समलिङ्गी यौनिकता भएका व्यक्तिमाथि वा समलिङ्गी यौनिकता भएका व्यक्तिले पृथक् लिङ्गी व्यक्तिमाथि गर्ने अमर्यादित व्यवहार–दुर्व्यवहारलाई लैङ्गिक हिंसा भनिन्छ ।

***लैङ्गिक विभेद, शोषण र उत्पीडन***

पितृसत्तात्मक एवम् अन्य मूल्य मान्यतामा आधारित रहेर महिलाविरुद्ध गरिने व्यवहार नै भेदभाव हो । पुरुष वा महिलामध्ये कुनै एकलाई प्रोत्साहित र अर्कोलाई निरुत्साहित गर्नु भेदभाव हो (अर्याल, २०६८, पृ. ३९) पितृसत्ताको प्रारम्भदेखि नै पुरुषलाई गतिशील, आक्रामक, विवेकी, बलियो, स्वतन्त्र, कडा, मर्द, कामुक, हिंस्रक, बलशाली, शक्तिशाली र प्रभावशाली व्यक्तिका रूपमा चिनाइएको छ भने नारीलाई निष्क्रिय, भावनात्मक, सहनशील, नरम, उदार, कलात्मक, आश्रित र सुन्दर व्यक्तिका रूपमा चिनाइएको छ । पितृसत्तात्मक समाजमा पुरुषहरू सापेक्षित रूपमा महिलाभन्दा बढी शक्तिशाली हुन्छन् । बढी इज्जतदार तथा साधनस्रोतले सम्पन्न हुन्छन् । उनीहरूलाई महिलामाथि आफ्नो वर्चस्व कायम गर्न वा दमन गर्न छुट हुन्छ (पाण्डे, २०६९, पृ. ११) । त्यसैले पितृसत्तात्मक समाजमा पिता, पति, छोरो, दाजुले माता, पत्नी, बहिनी छोरीलाई आफ्नो अधीनमा राखेका हुन्छन् । पितृसत्ताकै वर्चस्वलाई स्वीकार गर्दै कतिपय नारीहरूले स्वयम् नारीमाथि नै शोषण गरिरहेका हुन्छन् । नारीमाथि अधीनस्थता राख्न पुरुषले बलको मात्र प्रयोग गर्दैन वार्ता र सहमतिमार्फत पनि प्रभुत्व निर्माण र प्रयोग गर्छ (श्रेष्ठ, २०६८, पृ. ३९–४०) । समाजमा महिलालाई जाति, लिङ्ग, वर्ण, धर्म, राष्ट्रियता, उमेर, भौतिक वा मानसिक अपाङ्ग, फरक क्षमता आदिका आधारमा भेदभावपूर्ण व्यवहार गर्नु लैङ्गिक विभेद हो । विभेदले महिलालाई सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक, प्रशासनिकलगायतका विभिन्न क्षेत्रमा पछि पार्दै लगेको छ ।

महिलामाथि दमनको मूल स्रोत पितृसत्ता हो र पितृसत्ताले सिर्जना गरेका सामाजिक–सांस्कृतिक मूल्यकै कारण महिलामाथि दमन र शोषण भएको छ । शोषणको आधार आर्थिक सम्बन्ध हो भने त्यसकै आधारमा दमनको अधिरचना तयार भएको हुन्छ । दमन र शोषण एउटा वर्चस्वशाली समूहले अर्को समूहमाथि गर्ने आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक नियन्त्रण हुन् । लैङ्गिक सम्बन्धमा शोषण आर्थिक आधारसँग सम्बन्धित हुन्छ । पुँजीवादले महिलामाथि शोषण गर्ने आधार र संरचना तयार पार्छ । यसरी महिलाले आर्थिक, पितृसत्तात्मक, घरेलु श्रम तथा श्रम विभाजनमा महिलामाथि हुने श्रमको अत्यधिक चापका कारण शोषित र दमित हुनु परेको छ (भट्टराई, २०७७, पृ. १३७) । यसरी परम्परादेखि नै पितृसत्ता र त्यसको चिन्तन र व्यवहारबाट महिलाहरू चरम विभेदजन्य व्यवहार, शोषण, दमन र उत्पीडनमा पर्नुपरेको देखिन्छ । नारी उत्पीडनको जन्म परिवार, निजी सम्पत्ति र राज्यसत्तामाथि आधारित वर्ग समाजको बाटो हुँदै भएको हो । स्वास्नी मानिसहरूको उत्पीडन र दुई लिङ्गबीचको शत्रुता पितृसत्ताको आरम्भदेखि नै भएको हो । नारी उत्पीडनको मूल कारण पुँजीवादी व्यवस्था शक्तिशाली भएर हो (रिड, २०४२, पृ. २१) । यसरी पुँजीवादी शोषणकै कारण नारीहरू शोषण, दमन र उत्पीडनमा पर्नुपरेको देखिन्छ ।

प्रस्तुत लेखमा शिवकुमार प्रधानको आकाश गंगा (२०१४) कथासङ्ग्रहमा सङ्कलित सोद्देश्य नमुना छनोट गरिएका 'घटना–चक्रको फेर' कथामा निहित पुरुष र नारीबीचको अमानवीय, असन्तुलित र शत्रुतापूर्ण लैङ्गिक शक्तिसम्बन्धको खोजी र विश्लेषण गरिएको छ । लैङ्गिक असमानता, परम्परागत पितृसत्तात्मक सामन्तवादी पुरुषवादी वर्चस्व र अधीनस्थता, नारीका दीनहीनता र पुँजीवादी चरित्रका कारण उत्पीडित असहाय नारी समुदायले भोग्नुपरेका सास्ती तथा त्यसबाट उत्पन्न कारुणिक जीवनदशालाई विश्लेष्य कथामा निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ । यी कथामा तत्कालीन विमर्शात्मक संरचनामा शक्तिका स्रोतबाट वञ्चित, उपेक्षित र अधीनस्थ निम्नवर्गीय उत्पीडित नारी समुदायको प्रतिनिधित्व गराइएको छ ।

***'घटना–चक्रको फेर' कथामा लैङ्गिक प्रतिनिधित्वका विविध स्वरूप***

प्रस्तुत लेखमा शिवकुमार प्रधानको आकाश गंगा (२०१४) कथासङ्ग्रहमा सङ्कलित सोद्देश्य नमुना छनोट गरिएको 'घटना–चक्रको फेर' कथामा निहित लैङ्गिक प्रतिनिधित्वको खोजी र विश्लेषण गरिएको छ । लैङ्गिक असमानता, परम्परागत पितृसत्तात्मक सामन्तवादी पुरुषवादी वर्चस्व र अधीनस्थता, नारीका दीनहीनता र पुँजीवादी चरित्रका कारण उत्पीडित असहाय र अबला नारी समुदायले भोग्नुपरेका सास्ती तथा त्यसबाट उत्पन्न कारुणिक जीवनदशालाई विश्लेष्य कथामा निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ । यस कथामा तत्कालीन विमर्शात्मक संरचनामा शक्तिका स्रोतबाट वञ्चित, उपेक्षित र अधीनस्थ निम्नवर्गीय उत्पीडित नारी समुदायको प्रतिनिधित्व गराइएको छ । ज्ञान र शक्तिबाट विमुख गराएर, आर्थिक रूपमा माथि उठ्न नदिएर, आफूअनुकूल सामाजिक मूल्य खडा गरेर तथा शक्ति र श्रमलाई अवमूल्यन गरी निम्नवर्गका नारीलाई सधैँ समस्यामा पारेर कथित पितृसत्ताले अबला नारीमाथि अन्याय, अत्याचार, शोषण र दमन गरेको हुन्छ । यस लेखमा सोद्देश्य नमुना छनोट गरिएको 'घटना–चक्रको फेर' कथामा प्रस्तुत

लैङ्गिक प्रतिनिधित्वको विश्लेषण गर्दा लैङ्गिक अन्तःसम्बन्ध, पितृसत्ता र लैङ्गिक हिंसा तथा लैङ्गिक विभेद, शोषण, दमन र उत्पीडनलाई मुख्य आधार बनाइएको छ ।

**लैङ्गिक अन्तःसम्बन्ध :** शिवकुमार प्रधानद्वारा लिखित 'घटना–चक्रको फेर' कथामा राणाकालपछिको सामन्ती सम्बन्धलाई प्रस्तुत गर्ने लैङ्गिक अन्तःसम्बन्ध प्रस्तुत भएको छ । अधिकारविहीन नारीहरू पुरुष अधीनस्थ बनाइएको र तीव्र उत्पीडनमा पारिउको अवस्थाको चित्रण यस कथामा गरिएको छ । प्रस्तुत कथा पुरुष र नारीबीचको लैङ्गिक सम्बन्धबाट निर्माण भएको कथा हो । यस कथामा मुख्य र सहायक दुवै भूमिकामा नारी र पुरुष पात्रहरू रहेका छन् । कथामा पारिवारिक र सामाजिक लैङ्गिक सम्बन्धको संरचना तयार भएको छ । कथामा मूलतः १५ वर्षीय नवला र उसको लोग्ने ६० वर्षीय विधुर अमरनाथबीच पारिवारिक सम्बन्ध रहेको छ । नवला र अमरनाथ पतिपत्नी हुन् । यो सम्बन्ध उनीहरूको पारिवारिक सम्बन्ध हो । कथामा आएको नवलाको प्रेमी भनिने विजय नवलालाई मौका छोपेर बलात्कार गर्ने बलात्कारी हो । ऊसँग नवलाको सामाजिक र वैयक्तिक सम्बन्ध रहेको छ । यसरी यस कथामा पति–पत्नी तथा प्रेमी–प्रेमिका बीचको सम्बन्धबाट पात्रहरूको लैङ्गिक सम्बन्ध निर्माण भएको छ । यस कथाको नारी र पुरुषबीचको लैङ्गिक सम्बन्ध मूलतः परिवारकेन्द्री, पुरुषकेन्द्री र उत्पीडनकारी रहेको छ । कथाकी मुख्य नारी पात्र नवला १५ वर्षको उमेरमै ६० वर्षीय वृद्ध अमरनाथसँग विवाहित पात्र हो । बालकैमा बाबुआमाको काखबाट छुट्टिएकी ऊ वृद्ध लोग्नेको अधीनमा छे । उसको कुनै स्वतन्त्र लैङ्गिक अस्तित्व देखिँदैन । उसले बुबा र लोग्नेको भेद छुट्याउन सकेको अवस्था छैन । आफू जवानीमा चढ्न लाग्दा नै वृद्ध लोग्नेको मृत्यु भएकाले नवला बालविधवा बन्न विवश पात्र हो । छिमेकी युवक विजयको बारम्बारको आग्रह र अनुरोधात्मक प्रेम र आफ्नै चढ्दो जवानीका कारण नवला विजयबाट बलात्कृत हुन्छे । विधवा नवलाले बलात्कृत भएपछि विजयलाई आफूलाई बिहे गर्न आग्रह गर्छे तर विजयले स्वीकार गर्दैन । अन्त्यमा ऊ भीरबाट हाम फाल्छे र सदाका लागि बिलाउँछे । यहाँ नवलाले पितृसत्तात्मक समाजबाट लैङ्गिक रूपमा चरम शोषण, दमन र उत्पीडनमा पारिएका नारी समुदायको प्रतिनिधित्व गरेकी छ । कथामा उसको भूमिका पत्नी, बुहारी, प्रेमिका र तिरस्कृत र उपेक्षित अबला नारीका रूपमा रहेको छ । ऊ प्रभुत्वशाली पितृतन्त्रद्वारा आप्mनो सुन्दर जीवन गुमाउन विवश कमजोर र शक्तिहीन नारी हो । पुरुषको लैङ्गिक विभेद र हिंसाको शिकार भई नवलाले अनाहकमा प्राण त्याग्नु परेको छ ।

प्रस्तुत कथामा पुरुष अधीनस्थता र नारी पराधीनताको लैङ्गिक सम्बन्ध रहेको छ । परम्परागत समाजले निर्माण गरेको विवाहपछि पुरुष अधीन हुने पारिवारिक सम्बन्ध यस कथामा प्रस्तुत छ । पितृसत्ताको बर्बर यौन पिपाशुमा आधारित लैङ्गिक सम्बन्ध यस कथामा देखिन्छ । नाति–नातिहरू भइसकेको ६० वर्षीय वयोवृद्ध अमरनाथले यौन सन्तुष्टिका लागि १५ वर्षीय नवलालाई भित्र्याएको छ । अबोध बालिकामै पैसा लिएर बिहे गरिदिने तत्कालीन सामन्तवादी पितृसत्तात्मक प्रभुत्वको मारमा नवला परेकी छे । उसले बुबा र लोग्ने के हो भन्ने छुट्याउन सक्ने अवस्था छैन । नारीमाथिको तत्कालीन विकृति र कुसंस्कारयुक्त पितृसत्तात्मक पारिवारिक प्रभुत्व र त्यसबाट निर्मित लैङ्गिक सम्बन्धलाई कथामा यसरी प्रस्तुत गरिएको छ : ''दुर्भाग्यवश उनले गुप्त भेद कुराको सुइको पाई, गाउँको रीतिरिवाज र

गरिबी अवस्थाले उनको पिता थुप्रै रुपियाँको चहकलालचमा परी साठी वर्षीय राँडाबूढालाई उनी पत्नी बनाउन सुम्पिदिए । ... दुलाहा त आधा बैँसे छ भनेको त झ्याउरिएको बूढा पो रहेछ ।" (पृ. ४–६)

यस कथांशमा प्रस्तुत सन्दर्भले तत्कालीन सामन्ती पितृसत्ताको बर्बर चरित्रको उद्घाटन गरेको छ । छोराछोरी, नातिनातिना घरभरि भएको वृद्धले आफ्नो वासनापूर्तिको लागि बालिका बिहे गर्नु परम्परागत सामन्ती पितृतन्त्रको नाङ्गो हस्तक्षेप र प्रभुत्व हो । केही आर्थिक लोभमा बालक छोरी वृद्धलाई सुम्पिने तत्कालीन पितृसत्तात्मक चिन्तन र व्यवहार भएको समाजमा नारीहरूलाई यौन चाहना पूरा गर्ने साधन ठानी त्यहीअनुसार व्यवहार गरिन्थ्यो । तसर्थ यहाँको पारिवारिक सम्बन्ध–पुरुषको इच्छाअनुसार सञ्चालित पुरुषबहुल रहेको देखिन्छ । यसरी हेर्दा यहाँ अमरनाथ र नवलाको पारिवारिक सम्बन्ध वासनात्मक र कामुक रहेको छ । त्यसै गरी विजयसँगको नवलाको सम्बन्ध लैङ्गिक उत्पीडक र उत्पीडित बलात्कारी र बलात्कृतका रूपमा रहेको छ ।

यसप्रकार 'घटना–चक्रको फेर' कथामा एउटी अबला र शक्तिहीन नारी नवलामाथिको सामन्तवादी परम्परागत पितृसत्ताको ज्यादतीलाई प्रस्तुत गर्ने उपेक्षित, तिरस्कृत र बलशाली लैङ्गिक सम्बन्धलाई देखाइएको छ । पितृसत्ताको सामन्ती आड र रवाफमा एउटी निरीह बालिकामाथि चरम यौनशोषण भएको छ । ऊमाथिको यौनशोषणजस्तो सामाजिक अपराधलाई पितृसत्तात्मक समाजले नजरअन्दाज गरेको छ । सुरुमा मायाप्रेम गर्ने बहानामा छिमेकी विजयले विधवा नवलालाई फकाएको र बलात्कारपछि वेवास्ता गरेको र त्यही कारण नवलाले प्राण त्याग्नुपरेको सन्दर्भबाट तत्कालीन समाजमा विद्यमान पितृसत्तात्मक व्यवहार स्पष्ट हुन्छ । यसले तत्कालीन समाजमा नारी र पुरुष बीचको विभेदजन्य र हिंस्रक लैङ्गिक सम्बन्धलाई उजागर गरेको छ ।

घटनाचक्रको फेर कथामा विजय सुरुमा नवलासँग प्रेम गर्ने व्यक्ति हो । ऊ यौनपिपाशु बलात्कारी पात्र हो । उसले नवलाको जवर्जस्ती सतीत्व हरण गरेको छ । यसरी यस कथामा पारिवारिक र अन्तर्पारिवारिक दुवै प्रकृतिको लैङ्गिक सम्बन्ध रहेको छ । कथाको लैङ्गिक सम्बन्ध मूलतः पुरुषकेन्द्र र सामाजिक प्रकृतिको रहेको छ । कथाकी मुख्य नारी पात्र नवला गुन्डा विजयको फन्दामा परेकी छे र उसको पासबाट उम्किन सकेकी छैन । विजयले बलात्कार गरेर छोडिदिएको छ । उसले यौनशोषणको तीव्र पीडा सहनु परेको छ । यसरी नवलाले पितृसत्तात्मक समाजका नरपिशाच यौनपिपाशु गुन्डा युवकबाट बलात्कार गरी अलपत्र छाडिएका तमाम नारी समुदायको प्रतिनिधित्व गरेकी छे । ऊ प्रभुत्वशाली र बलशाली पुरुष युवक विजयद्वारा यौनशोषण र उत्पीडनमा परेकी अबला नारी हो । उसको पहिचान गुन्डाद्वारा शक्तिहीन बनाई यौनशोषण गरेर छाडिएकी र समाजबाट तिरस्कृत कमजोर नारीका रूपमा भएको छ । पितृसत्ताकै कारण उसले विजयको प्रतिवाद गर्न सकेकी छैन । उसकै कमजोरीले गर्दा उसको जीवन सारहीन भई दुःखान्तक अवस्थामा पुगेको छ । पितृसत्ताले नै उसलाई आवाजविहीन बनाएको हो । विजयले जवर्जस्ती गरेपछि आफूलाई स्वीकार्न र जिम्मा लिन धेरै अनुनयविनय गरेकी छे । तर विजयले अस्वीकार गरेको छ । यसबाट नवला झन् मर्माहत बन्न पुगेकी छे । यहाँ नवला र विजयबीचको सम्बन्ध सामाजिक प्रकृतिको हो र उनीहरूको सम्बन्ध र कुराकानीले सामाजिक स्वरूप प्राप्त गर्न खोजे तापनि त्यसले मूर्त रूप प्राप्त गरेको छैन । नवलामाथिको पितृसत्तात्मक यौनउत्पीडनलाई

कथामा यसरी प्रस्तुत गरिएको छ : विजयले उनको कुमकुममा दुई हातले दृढ आलिङ्गन गरे । नवलाले डरले काप्नै भनी, “यस्तो तिमीले मलाई के गर्न लागेको ? तिमीमा मानवी मसला छैन ?” ...नवला पुरुषको पञ्जाबाट उम्कन कति खोजी, सो सारा निष्फल भएर निष्प्रयोजन हुन आयो । उनको कोमल नारीदेह उकुसमुकुसिएर लज्जावतीको झारझैँ भई । यस कथांशमा तत्कालीन सामन्ती पितृसत्ताको प्रतिनिधि गुण्डाबाट निरीह नारी चरम यौनशोषणमा परेको देखाइएको छ ।

प्रस्तुत कथामा नवला र विजयको सामाजिक सम्बन्ध लैङ्गिक दृष्टिले पितृसत्तात्मक सामाजिक सम्बन्ध हो र जसका कारण उसको जीवनलीला समाप्त भएको छ । यसरी सामाजिक उत्पीडन र विभेदमा परेकी हुँदा नवला चरम लैङ्गिक विभेद र उत्पीडन सहन विवश छे । विजयको यौनशोषणका कारण अलपत्र परेकी नवला परम्परागत सामाजिक अन्धविश्वासका कारण गाउँ त्याग्न विवश हुन्छे र मृत्युको मुखमा पुग्छे । यसप्रकार प्रस्तुत कथामा परम्परागत पुरुषकेन्द्र वर्चस्वशाली लैङ्गिक सम्बन्ध रहेको छ र त्यसका केन्द्रमा सामन्ती पितृसत्ता रहेको छ । निरीह नवलाको विद्रोहको चेतना प्रकट हुन नसकेको यसमा उसको मृत्युको कारक तत्कालीन परम्परावादी सामन्ती समाज नै हो । उसले यौनपिपाशु गुन्डाद्वारा यौनशोषणमा पर्न विवश नारीहरूको प्रतिनिधित्व गरेकी छे । पितृसत्तात्मक समाजमा पुरुषहरू नारीलाई कमजोर ठानी कामवासना पूरा गर्ने साधनका रूपमा प्रयोग गर्न चाहन्छन् । उनीहरूको नारीप्रतिको चिन्तन र व्यवहार नकारात्मक किसिमको हुने गरेको देखिन्छ ।

**पितृसत्ता र लैङ्गिक हिंसा :** ‘घटनाचक्रको फेर’ कथामा दमनकारी पितृसत्ताको चित्रण छ र त्यही दमनकै कारण निरीह नारीले प्राण त्याग गर्नुपरेको कटु सत्य उद्घाटन गरिएको छ । कथामा १५ वर्षीय बालिका नवलाको ६० वर्षीय वृद्ध विधुर अमरनाथसँग बिहे भएको छ । उसले नवलालाई यौनसन्तुष्टि पुरा गर्न मात्र पैसा तिरेर बिहे गरेको हो । नवला वृद्ध पति अमरनाथ र विजयको चरम यौनशोषणमा परेकी छ । यस खालको प्रवृत्ति उत्पीडनकारी सामन्ती पितृसत्ताको मुख्य चरित्र हो । यहाँ पुरुषले जति पत्नी ल्याए पनि धर्म नचजाने तर विधवा स्त्री अन्य पुरुषसँग जाँदा जीवन नै नहुने पितृसत्तात्मक विभेदकारी मानसिकता रहेको देखिन्छ । लोग्ने अमरनाथको मृत्युपछि जवानीमा चढ्दै गरेकी नवलालाई छिमेकी सबैले घृणा र तिरस्कार गर्छन् । उसको विधवा अवस्थालाई समाजले पचाउँदैन । विजयबाट बलात्कृत भई समाजमा बसीनसक्नु भएपछि अन्तत ऊ मृत्युलाई रोज्न बाध्य हुन्छे । यसरी घरबारविहीन भई छट्पाउँदै मृत्युवरण गर्न पुग्नु नवलामाथि भएको चरम पितृसत्तात्मक अमानवीय व्यवहार मुख्य कारक हो । यहाँ नवलालाई समाजले पशुसरह व्यवहार गरी लैङ्गिक हिंसा गरेको देखिन्छ । नवलामाथिको सामाजिक हिंसालाई कथामा यसरी प्रस्तुत गरिएको छ :

विधवा नवलालाई गाउँका ठूलाठाला, भलादमी, फटाहा र जिम्मल मुखियाहरूको धूमधामसँग भार पर्न लागे । धम्की, गाली, सम्झाई बुझाई इत्यादि चौपट गरी सेतो कागजको ठाउँठाउँमा सहीछाप गराउन लागे । उनीहरूले बेदामी तमसुक बनाए । नवलाको मन पीडामा निमग्न थियो । (पृ. १३)

यहाँ परम्परित सामन्ती पितृसत्ताले नवलालाई सीमान्त अवस्थामा पुर्याको छ । ऊ बालककालमै बालविधवा बन्नुपरेको छ । उसको पहिचानलाई पुरुष आधारित बनाइएको छ । निरीह विधवा नारी नवलामाथि सामाजिक अत्याचार गरिएको छ । यसरी पितृतन्त्रमा महिलाहरू पुरुषका यौनशोषणका साधन बनाइएको तथ्य यसमा प्रस्तुत छ । लोग्ने के हो

? घर के हो ? विधवा के हो ? भन्ने थाहा नपाउँदै नवलाजस्ता बालिकाहरू विधवा बन्नुपर्ने तत्कालीन सामन्ती पितृसत्ताको उत्पीडनकारी चरित्रको पर्दाफास यस कथांशमा भएको छ । यसले तत्कालीन सामन्ती पितृसत्तात्मक समाजमा व्याप्त बालविवाहको कारुणिक दृश्यलाई देखाएको छ । प्रस्तुत कथांशमा विधवा महिलाप्रतिको पितृसत्तात्मक गलत सोच र व्यवहारलाई प्रस्तुत गरिएको छ । आप्mनो वयोवृद्ध लोग्नेको निधन भएपछि नवला विधवा बनेकी छ । ऊ भर्खर जवानीमा प्रवेश गर्दै गरेकी छे । उसलाई छिमेकी युवक विजयले फकाउन थालेको छ । अचेतन र चढ्दो जवानीले विजयको इशारामा नाच्दा ऊ बलात्कृत हुनुपरेको छ । तत्कालीन पितृसत्तात्मक समाजमा विधवा नारीले परपुरुषसँग बोलचालसम्म गर्नु नहुने परिपाटी विद्यमान थियो ।

समाजमा अपमानित र तिरस्कृत भएपछि माइत पुगेकी नवलाले माइतमा पनि चरम अपमान, घृणा र तिरष्कार खप्नुपरेको छ । उसको कुनै स्वतन्त्र लैङ्गिक अस्तित्व छैन । उसका इच्छा चाहना कुन्ठित भएका छन् र ती विलीन भएका छन् । कथामा उसको दुरवस्थालाई यसरी प्रस्तुत गरिएको छ :

> जतिजति थैलो रित्तिदैँ गए उनी उति सबैको आँखाको कसिङ्गर भई । आफ्ना दाजुभाइ र भाउजूबुहारीका व्यङ्ग्यात्मक वचनहरूलाई उनले मुख बाएर सुन्न सकिनन् । पिताको देखावटी माया घरका छोराबुहारीको इशारामा नाचिरहेका थिए । उनले त्यहाँ सारै दुखान्त अवस्थाको अनुभव गरिन् । अठारै घन्टा घरभरिको वायु विषतुल्य भयो । (पृ. १५)

प्रस्तुत कथामा पितृसत्ताले विधवा विवाहलाई मान्यता दिएको देखिँदैन । पुरुषचाहिँ १० ओटी पत्नी ल्याउन स्वतन्त्र हुने तर नारीले परपुरुषलाई नजरसम्म लगाउन नहुने तत्कालीन पितृसत्तात्मक लैङ्गिक विभेदकारी नियमको जञ्जिरमा बाँधिएकी नवलाजस्ता नारीहरूको करुण कहानी यसमा प्रस्तुत भएको छ । यसरी पितृसत्तात्मक संस्कार भएको समाजमा माइतमा पनि नारी अपहेलित र तिरस्कृत हुनुपरेको अवस्था यसमा प्रस्तुत छ । पितृसत्तात्मक मानसिकता र व्यवहार भएको समाजमा विधवा महिला राम्ररी हाँस्न र बोल्न नहुने किसिमको नियन्त्रण र अधीनस्थता तत्कालीन समाजमा कायम भएको देखिन्छ । यहाँ नवला समाज, घरपरिवार र माइतीको कडा तिरस्कार र उपेक्षामा छे । यहाँ नवलाले पितृसत्तात्मक प्रभुत्व र वर्चस्वमा रहेका पुरुषबाट हिंसा र उत्पीडन भोग्न विवश असहाय विधवा नारीको प्रतिनिधित्व गरेकी छे ।

**लैङ्गिक विभेद, शोषण, दमन र उत्पीडन:** 'घटना–चक्रको फेर' कथामा नवला पितृसत्तात्मक संस्कृतिबाट प्रशिक्षित पुरुषबाट लैङ्गिक विभेद, शोषण, दमन र उत्पीडनमा पारिएकी छ । यसमा पुरुष अधीनस्थताको केन्द्रमा निरीह नारीमाथि विभेदजन्य व्यवहार भएको छ । नवला १५ वर्षको उमेरमा ६० वर्षीय वृद्ध अमरनाथसँग विवाह बन्धनमा बाँधिएकी र २० वर्षको उमेरमा नै बालविधवा भएकी नारी पात्र हो । जवानी चढ्दै गरेको अवस्थामा विधवा भएकी ऊ छिमेकी विजयबाट पटकपटक बलात्कारको शिकार हुन्छे । आफूलाई स्वीकार गर्न आग्रह गर्दा विजयबाट उल्टै मानसिक र शारीरिक यातना सहनुपरेको छ । नवलामाथिको विजयको व्यवहारमा यौनजन्य शोषण र हिंसा प्रस्तुत भएको छ र उसले अनेक प्रलोभन देखाई नवलालाई बलात्कार गरेको छ । पितृसत्तात्मक हिंसाको सामाजिकीकरणका कारण

नवलाले आफूमाथिको जवर्जस्ती यौनशोषणलाई बाहिर ल्याउन सकेकी छैन । उसमा घर, माइती तथा समाजको डर छ । विजयबाट बलात्कृत भएकी नवलाको कारुणिक अवस्थालाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> वनभित्र एकान्त कुनामा नवलाको निर्वाङ्ग नाङ्गो नाच उनीहरूले देखे, उनको केश चारैतिर छरिएको, चेहरामा हतास तथा भावमा अधीरपन बराबर झल्किरहन्थे । सबैले उनलाई यस्तो देखि अवाक् भए । आखिरी सो दुष्कृय कार्य सबैलाई ज्ञान भयो । कसैले पनि नवलाको मुखमा थुक्न बिराएनन्  (पृ. २२) ।

यहाँ नवलाले विजयको बलात्कारका कारण समाजका सबैबाट अपमानित र तिरष्कृत बन्नुपरेको छ, विजयको यस प्रकारको हिंस्रक व्यवहार पितृसत्ताको हिंसात्मक चरित्र र अधीनस्थताका कारण भएको देखिन्छ । सामाजिक डर र त्रासका कारण नवलाले प्रतिवाद गर्न सकेकी छैन । उसले नवलालाई हेरचाह गर्ने कुनै प्रयत्न गरेको छैन । यसले एउटी निरीह नारीमाथि पितृसत्ताका पुरुषले जे गरे पनि हुने भन्ने उसको अमानवीय दुव्र्यवहारलाई सङ्केत गरेको छ । पुरुष अधीनस्थताका कारण नवलाले विजयसँग प्रतिवाद गरी न्याय पाउन सकेकी छैन । एउटी बलात्कृत विधवा निरीह र असहाय नारी नवला सामन्ती पितृसत्तात्मक व्यहार प्रस्तुत गर्ने पुरुषबाट बिचल्लीमा परेकी छ । यहाँ पितृसत्तात्मक हिंसात्मक व्यवहारका कारण एउटी अबला नारीले प्राण त्याग्नु परेको छ ।

प्रस्तुत कथामा नारीमाथिको दमन र शोषणको स्वरूप पितृसत्तात्मक छ । पितृसत्ताले बालविवाह गराएको छ, अनमेल विवाह गराएको छ । १५ वर्षीय बालिकाको ६० वर्षीय वृद्धसँग विवाह गराएको छ । जवानीमा टेक्दै गर्दा पतिविहीन बन्न पुगेकी नवलामाथि जन्मेदेखि नै पितृसत्तात्मक दमन र शोषण भएको देखिन्छ । बालकैमा वयोवृद्धसँग अनमेल बिहे गराइदिनु ऊमाथिको पितृसत्ताको बर्बर र दमनपूर्ण ज्यादती हो । वृद्ध लोग्ने मरेपछि एक्ली नवला जवानीको भेल तर्काउन सक्तिन, फलस्वरूप छिमेकी युवक विजयसँग शरीर साट्न पुग्छे । विजयको यौनपिपाशु व्यवहार बुभ्mन नसक्दा ऊ पटकपटक बलात्कृत भएकी छे । पितृसत्ता र समाजको त्रासका कारण बलात्कार भएको कुरा बाहिर ल्याउन सक्तिन । लोग्नेविहीन विधवा नवलालाई अलपत्र पारेर विजय भागेको छ । पितृसत्ताले शक्तिहीन बनाएकै कारण नवलाले न्यायको ढोका ढकढक्याउन सकेकी छैन । उसलाई समाजका सबै मानिसले तँ चरित्रहीन, कुलङ्घार होस्, तँलाई स्थान छैन । (पृ. २३) भनेर घरबाट निष्काशन गरेका छन् । घरपरिवार, समाज सबैतिरबाट अपहेलित र उपेक्षित भएपछि नवलाले भिरबाट हाम्फलेर आत्महत्या गर्दछे । यहाँ पितृसत्ताको लैङ्गिक हिंसा र उत्पीडनकै कारण नवलाले आत्महत्या गरेकी हो । एउटी विधवा महिलामाथिको शोषण र उत्पीडनको यो रूप सामन्तवादी हो । सामन्ती सत्ताले सिर्जना गरेको छोरीको कर्म, विधवा, भाग्य आदिका कारण नवलाजस्ता महिलाहरू शोषित छन् । आर्थिक, सामाजिक तथा वैवाहिक अधिकार सबै पुरुषका हातमा छन् र महिलाहरू पुरुषद्वारा निर्देशित छन् । ऊ बलात्कारका कारण बेवारिस हुँदा बलात्कार गर्ने व्यक्ति र समाजबाट परित्याग भएकी छे । यसरी लैङ्गिक शोषण, दमन र उत्पीडनका केन्द्रमा रहेको पितृसत्ता र त्यसको सामन्ती शोषणका केन्द्रमा नवलाजस्ता निरीह नारीहरू परेका छन् । शक्तिको केन्द्रमा रहेका विजयहरूजस्ता पुरुषहरूबाट नवलाहरूजस्ता शक्तिहीन नारीहरू पटकपटक यौनहिंसा र अन्यायमा पर्छन् र त्यस प्रकारको पुरुष उत्पीडन खप्न नसकेर देहत्याग गर्न विवश बन्छन् भन्ने मर्मपूर्ण अवस्थालाई यस कथामा प्रतिनिधित्व गराइएको छ ।

'घटना–चक्रको फेर' कथामा मुख्य नारी पात्र नवला प्रभुत्वशाली पुरुष विजयबाट यौनशोषणमा परेर त्यसैका कारण जीवनलीला समाप्त पार्न बाध्य छे। उसले पितृसत्ताको प्रतिनिधि विजयले गरेको चरम यौनशोषण र शारीरिक तथा मानसिक उत्पीडनका विरुद्धमा आवाज उठाउन सकेकी छैन । पितृसत्तात्मक सामन्ती संस्कारले निर्माण गरेको उत्पीडनकारी संस्कृतिका कारण नवला लैङ्गिक विभेद, शोषण, दमन र उत्पीडन भोग्न विवश भएकी छे। समाजले उसलाई तिरस्कार गर्छ। पितृसत्तात्मक समाजमा पितृसत्ताकै आडमा विजयजस्ता दुष्ट व्यक्तिहरूबाट नवलाजस्ता सोझा ग्रामीण नारीहरू लुटिनु परेको छ, शारीरिक र मानसिक उत्पीडनमा पर्नुपरेको छ । उसले आपूmलाई स्वीकार गर्न बलात्कारी विजयसँग अनुरोध गरेकी छे। तर विजयले इन्कार गरेको छ। ऊ विजयसँग रोइकराई गरेकी छे, दुःख, पीर र व्यथा पोखेकी छे तर उसको कुरा पितृसत्तात्मक संस्कारबाट प्रशिक्षित पुरुष विजयले सुनेको छैन। ऊमाथि उल्टै अपमान र तिरस्कार गरेको छ। यसरी विजयको प्रतीक्षा नवलाका लागि बालुवाको पानी भएको छ। यसप्रकार नवला लैङ्गिक उत्पीडनमा परेकी पात्र हो। उसले आफ्नो अधिकारका लागि सङ्घर्ष वा विद्रोह गरेको देखिँदैन। उसले आफ्नो स्वतन्त्र अस्तित्व पितृसत्तालाई जवर्जस्त रूपमा सुम्पिनु परेको छ।

## निष्कर्ष

'घटना–चक्रको फेर' कथामा लैङ्गिक रूपमा उत्पीडित नारी तथा प्रभुत्वशाली उत्पीडक पुरुष पात्रको प्रतिनिधित्व गराइएको छ। तत्कालीन समाजको स्वरूप सामन्ती पितृसत्तात्मक सामाजिक संरचनामा आधारित भएकाले यस कथामा नारी पात्र नवलाको लैङ्गिक अवस्था कमजोर बनाइएको छ । ऊ दमनकारी पितृसत्ताकै अधीनस्थ बन्न विवश छे। नवलाको १५ वर्षको बालक उमेरमा ६० वर्षको वयोवृद्ध विधुर पुरुष अमरनाथसँग अनमेल विहे भएको छ । उसले बाबु र लोग्ने छुट्याउने अवस्था छैन । वृद्ध लोग्नेको मृत्युपछि २० वर्षकै उमेरमा विधवा बन्न पुगेकी नवला छिमेकी युवक विजयबाट बलात्कृत भएकी छे। समाजको डरले उक्त घटनालाई बाहिर ल्याउन नसकेकी ऊ पितृसत्ताकै कारण आत्महत्या गर्न विवश बन्छे। प्राकृतिक रूपमा पुरुष र नारीबीचको लैङ्गिक सम्बन्धबाट यो कथा निर्मित छ। नवला र अमरनाथ पतिपत्नी हुन् भने विजय र नवला बलात्कारी र बलात्कृतका रूपमा रहेका छन् । उनीहरूबीच पारिवारिक र सामाजिक सम्बन्ध रहेको छ । पुरुषकेन्द्री लैङ्गिक सम्बन्ध प्रस्तुत भएको यस कथामा पितृसत्तात्मक प्रभुत्वका कारण नवला देहत्याग गर्न विवश भएकी छे। यहाँ पितृसत्तात्मक सामन्ती संस्कारको प्रतिनिधित्व गर्ने पुरुष अमरनाथ र विजयबाट नवला शोषण, दमन, विभेद र उत्पीडनमा परेकी छे। पुरुषहरू प्रभुत्वशाली छन् भने महिलाहरू शक्तिहीन छन्। नवलाले पुरुष अधीनस्थ नारी समुदायको प्रतिनिधित्व गरेकी छे भने अमरनाथ र विजयले पितृतन्त्रको उत्पीडक पुरुषको प्रतिनिधित्व गरेको छ । यसप्रकार पुरुषले वर्चस्वशाली संस्कृतिको प्रतिनिधित्व गर्ने र नारीलाई आप्mनो नियन्त्रणमा राखी उपभोग गर्ने संस्कृतिका कारण नारीको अवस्था अत्यन्त दयनीय र अधीनस्थ बन्न पुगेको हो। यसरी तत्कालीन परम्परागत सामन्तवादी पितृसत्ताले एउटी अबला नारीमाथि गरेका सामाजिक, आर्थिक, शारीरिक, यौनिक तथा मानसिक विभेद, शोषण, दमन, उत्पीडन र हिंसाजन्य व्यवहारलाई यस कथामा प्रस्तुत गरिएको छ। यसमा पितृसत्तात्मक सामाजिक संरचनाका कारण शक्ति केन्द्रका रूपमा पुरुषको वर्चस्व रहेको देखाइएको छ । यहाँ पुरुष

शक्तिको केन्द्रमा छ भने नारी शक्तिको परिधिमा छे । यसमा पुरुषले परम्परागत सामन्तवादी पितृसत्ताकै आडमा नारीमाथि शोषण, दमन र उत्पीडन गरेको देखिन्छ ।

**सन्दर्भसामग्री**

अर्याल, भोजेन्द्र (२०६८), *लैङ्गिक र महिलावादी अध्ययन*, ज्ञानकुञ्ज प्रकाशन ।

आचार्य, बलराम (२०६१), *लैङ्गिक अध्ययन,* नेसनल बुक सेन्टर ।

खनाल, राजेन्द्र (२०७५), *लैङ्गिक समालोचना: सिद्धान्त* र *प्रयोग,* सनलाइट पब्लिकेसन ।

गिरी, अमर (२०७४), *भूमण्डलीकरण* र *साहित्य,* भृकुटी एकेडेमिक पब्लिकेसन ।

गौतम, कृष्ण (२०६४), *उत्तर आधुनिक जिज्ञासा*, भृकुटी एकेडेमिक पब्लिकेसन ।

पाठक, गिरिराज (२०७५), *गुरुप्रसाद मैनालीका कथामा प्रतिनिधित्व, पहिचान* र *प्रतिरोध*, अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

पाण्डे, ज्ञानू (२०६९), *नेपाली उपन्यासमा लैङ्गिकता,* नेपाल प्रज्ञा–प्रतिष्ठान ।

पोखरेल, गुरुप्रसाद (सन् २०२०), खानदानी कथामा प्रतिनिधित्व, *जर्नल अफ टुटा, भोल्युम १*, डिसेम्बर, पृ. ९–१७ ।

प्रधान, शिवकुमार (२०१४), *आकाश गंगा,* रत्न पुस्तक भण्डार ।

भट्टराई, रमेशप्रसाद (२०७७), *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* भुँडीपुराण प्रकाशन ।

भद्रा, चन्द्रा (२०६७), *लैङ्गिक अध्ययन,* सम्पा., अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा.लि. ।

रिड, एबलिन (२०४२), *नारी : जात ?, वर्ग ?? या उत्पीडित लिंग ???,* (अनु. पारिजात), पारिजात ।

लुइटेल, लीला (२०६३), नेपाली महिलाको स्थिति र महिला लेखन, *शार्दूल, संयुक्ताङ्क,* ५(४), पृ. ३७—४९ ।

श्रेष्ठ, तारालाल (२०६८), *शक्ति, स्रष्टा* र *सबाल्टर्न,* डिस्कोर्स पब्लिकेसन ।

Beteille, A. (1996). *Caste, Class and Power*. 3rd ed. xford University Press.

Bhasin, K. (2000). *Understanding Gender*. Paul's Press.

Hall, S. (Ed.), (1997). *Representation.* Sage Publication.

Mosse, J.C. (1993). *An introduction to gender and development. Oxfam GB.*